दिप्रुङ चुईचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ
Diprung chuichumma Rural Municipality
Office of the Rural Municipal Executive
Yangsolatar, Khotang

पत्र सख्यां :- ०७७/०७८
चलानी नम्बर :

प्रदेश नं. १, नेपाल
मिति :२०७७/०६/०९

## अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा दिप्रुङ चुइचुम्मा गाउँपालिकाले **'गाउँटोल बस्ती सिकाई सहजिकरण अभियान कार्यक्रम कार्यविधि २०७७'** जारी गरी मिति २०७७/०४/०७ गतेबाट यस गाउँपालिकाका सामुदायिक विद्यालयमा सञ्चालन गरिएको विद्यार्थी सिकाई सहजिकरण अभियान कार्यक्रम कोरोना भाइरस(कोभिड-१९) को बढ्दो संक्रमणका कारण मिति २०७७/०५/०३ गते बसेको गाउँ शिक्षा समितिको बैठकको निर्णय अनुसार स्थगन गरिएकोमा शिक्षा ऐन २०२८ को दफा १९ (क) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको **'विद्यार्थी सिकाई सहजिकरण निर्देशिका २०७७'** को दफा ५ को (क) ४ बमोजिम सामाजिक दूरी कायम गर्दै स्वास्थ्य सुरक्षा तथा सतर्कता अपनाएर विद्यालयको अनुकुलता अनुरुप आ-आफ्नो विद्यालयमा सिफ्ट कायम गरी, जोर बिजोर प्रणाली अपनाई वा गाउँटोल बस्तीमा केन्द्र व्यवस्थापन गरी गाउँपालिकाले जारी गरेको **'गाउँटोल बस्ती सिकाई सहजिकरण अभियान कार्यविधि २०७७'** अनुसार गाउँ शिक्षा समितिको २०७७/०६/०९ गतेको बैठकको निर्णय अनुसार मिति २०७७/०६/११ गते देखि विषयगत पाठ्यक्रमका आधारमा विषयवस्तु बढ्ने गरी विद्यार्थी सिकाई सहजिकरण अभियान कार्यक्रम सञ्चालन गर्नु गराउनु हुन यस गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुलाई सूचित गरिन्छ ।

साथै यही मिति २०७७/०६/२९ गते दिनको ठिक ११:०० बजेबाट यस दिप्रुङ चुइचुम्मा गाउँपालिकामा अनलाइन माध्यमबाट सञ्चालन गरिने माध्यमिक तह स्तरीय **'कोरोना भाइरस(कोभिड-१९) ले शिक्षामा पारेको असर र नियन्त्रणमा स्थानीय तहको भूमिका'** विषयक वक्तृत्वकला कार्यक्रममा यस पालिका भित्रका प्रत्येक माध्यमिक विद्यालयहरुले मिति २०७७/०६/२७ गते भित्र आ-आफ्नो विद्यालयको एक जना सहभागीको नामावली दर्ता गराउनु हुन समेत यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

मणिकुमार गिरी
शिक्षा शाखा संयोजक
शिक्षा संयोजक
दिप्रुङ चुईचुम्मा गाउँपालिका